# स्थानीय राजपत्र

## निस्दी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८, संख्या ६, मिति २०८१/०९/२४


भाग २

निस्दी गाउँपालिका

लुम्बिनी प्रदेश, नेपाल

## निस्दी गाउँपालिका कृषि विकास सम्बन्धी एकिकृत कार्यविधि, २०८१

निस्दी गाउँपालिकाको कृषकहरुलाई आत्मनिर्भर, व्यवसायिक, स्वाबलम्बि र कृषि पेशा प्रति आकर्षित गर्दै कृषिजन्य तरकारी वाली, फलफूल खाद्यान्न र विज वृद्धिजस्ता पेशा व्यवसायमा दिइने अनुदान वितरणलाई समावेशी र परिणाममुखी बनाई लागु गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा(२) बमोजिम निर्मित "**निस्दी गाउँपालिका कृषि विकास सम्बन्धी एकिकृत कार्यविधि, २०८१**" निस्दी गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# निस्दी गाउँपालिका कृषि विकास सम्वन्धि एकिकृत कार्यविधि – २०८१

निस्दी गाउँपालिकाको कृषकहरुलाइ आत्मनिर्भर, व्यवसायिक, स्वाबलम्बि र कृषि पेशा प्रति इच्छुक गराउदै कृषिजन्य तरकारी वाली, फलफुल, खाध्यान्न र विज वृद्धिजस्ता पेशा व्यवसाय प्रति संलग्नता वढाइ अनुदानका अवसरहरुलाइ समावेशी र परिणाममुखी वितरण प्रणालि बनाउन ठोस आधार आवश्यक रहेको हुदा एकिकृत कार्यविधि बनाइ लागु गर्न वाञ्छनिय ठानी यो कार्यविधि बनाइएको छ ।

## परिच्छेद – क

(१) **संक्षिप्त नाम र प्रारम्भ** :

यो कार्यविधिको नाम - कृषि विकास एकिकृत कार्यविधि रहने छ ।

परिभाषा : विषय र प्रसंगले अर्को अर्थ नलागेमा

- **अनुदान** - भन्नाले निस्दी गाउँपालिकाले कृषकहरुलाइ उपलब्ध गराउने रकम सम्झनु पर्दछ ।
- **कार्यक्रम** - भन्नाने कृषि तथा पशु व्यवसाय संग सम्वन्धित उत्पादनमुलक कार्य सम्झनु पर्दछ ।
- **अनुदानग्राही** - भन्नाले अनुदान प्राप्त गर्ने कृषक,फर्म , कृषि समुह , कृषि सहकारी सम्झनुपर्दछ ।
- **कार्यालय** - भन्नाले निस्दी गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ ।
- **कृषि** - भन्नाले खेतिपाती, मौरिपालन, पशुपालन, फलफुल खेति, च्याउ लगायत खेत देखी पेट सम्मको सम्पुर्ण कृयाकलाप गर्न कम्तिमा ६ महिना कृषि कार्य गर्ने कृषकलाइ सम्झनु पर्दछ ।
- **अमृसो खेति** – भन्नाले व्यवसायीक रुपमा सामुदायिक, सार्वजनिक, कवुलियती र सार्वजनिक रुपमा स्थानिय स्रोत परिचालन गरि स्थानिय



मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

नागरिकको हित अनुकुल आम्दानी गराउने वहुवर्षिय विरुवालाइ जनाउदछ।

(२) **उदेश्य** :

(क) यस कार्यक्रम अन्तर्गत निम्न उदेश्यहरु हासिल हुनेछन।

- उत्पादन र उत्पादकत्व बढ्ने साथै उत्पादन लागत कम गराउने।
- परम्परागत रुपमा गरिदै आइरहेको गोरु तथा अन्य खर्चिलो जोताइ माध्यमलाइ विस्थापित गराउने।
- भुगोल अनुसारको जमिनमा मिनिटिलरको माध्यमबाट कृषि कार्य गर्ने।
- वैदेसिक रोजगारबाट फर्किएका (skilled returnees) लाइ आधुनिक कृषि तथा व्यवसायिक खेतिपाति तर्फ उत्सुक गराउने।
- व्यवसायिक रुपमा खेति गर्ने कृषकलाइ मुख्य प्राथमिकता दिने।
- भौगोलिक क्षेत्र अनुसार तथा हाल सम्मपनि कुनै कुटानि पिसानि मिल नभएके टोलमा मिल उपलब्ध गराउने।
- अन्य फिल्डमा आयआर्जन गर्न नसक्ने कृषक तथा कृषिलाइ नै ब्यवसाय बनाइ आम्दानि गर्न तथा आ-आफ्नो टोलमा सेवा प्रवाह गर्ने गरिब तथा निम्न वर्गिय कृषकलाइ प्राथमिकता दिने।
- अनुदान भन्नाले निस्दी गाउँपालिकाले उपलब्ध गराउने कृषि पशु सम्वन्धि कार्यक्रम तथा रकम सम्झनु पर्दछ।

(ख) **सञ्चालन गरिने कार्यक्रम र यस कार्यविधिले प्रस्ट्याउने विषयहरु:**

- निस्दी गाउँपालिकाको किसान र कम आयआर्जन गरिरहेका आम नागरिकको हितका लागि कृषि विकासको माध्यमबाट दिगो आर्थिक वृद्धि हासिल गरि ग्रामिण क्षेत्रका कृषकहरुको जिवनस्तर उकास्न र बाझो रहेका जमिनको प्रयोग गरि गाउँपालिकालाइ कृषिमा आत्मनिर्भर बनाउन आवश्यक कार्यविधि वनाइ कृषि विकास शाखा मार्फत तपशिल बमोजिमका कार्यक्रमहरु सञ्चालन गरिने छ।

- अदुवा गुणस्तर प्रवर्दन कार्यक्रम



मदन अर्याल
प्रशासकीय अधिकृत

- कफिको नर्सरी स्थापना कार्यक्रम
- कुरिलो, स्ट्रवेरी, अकवरे खुर्सानी र प्याज उत्पादन कार्यक्रम
- च्याउ उत्पादन कार्यक्रम
- पकेट विकास कार्यक्रम
- वर्षे फलफुलमा अनुदान
- बाझो जग्गामा सहकारी तथा बाझो जग्गा परिचालन कार्यक्रम।
- मागमा आधारित खेति कार्यक्रम।
- अन्य व्यवस्था।
- अमृसो रोपण कार्यक्रम्मा अनुदान।

## परिच्छेद – ख

(३) **सूचना प्रकाशन तथा प्रशताव आह्वान गर्ने :**

स्विकृत कार्यक्रमको लागि प्रचलित कानुनको अधिनमा रहि सार्वजनिक खरिद ऐन बमोजिम कम्तिमा १५ दिन देखी वढीमा १ महिनाको सार्वजनिक सूचना प्रकाशन गरिने छ।

दफा २ मा १५ दिन देखि १ महिनाको लागि भनिनेमा कार्यक्रमको औचित्यको आधारमा समय सम्वन्धित सूचनामा तोकिने छ।

- प्रशताव पेश गर्न इच्छुक कृषक कृषि समुह तथा सहकारी र फार्म तथा अमृसो रोपण गर्ने कृषि समुह हरुले तोकिएको ढाँचामा निवेदन दिन सकिने छ।

- प्रशताव सम्वन्धित वडा कार्यालयमा पेश गरिने र लागत सहभागिता गराउनुपर्ने कार्यक्रमको हकमा समेत सम्वन्धित वडा कार्यालय वा मार्फत रकम संकलन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।



मदन अर्याल
प्रशासकीय अधिकृत

(४) **प्रशताव छनोट समिति सम्वन्धि व्यवस्था :**

कार्य्रक्रम उपर पेश हुन आएका प्रशतावहरुलाइ छनोटका लागि गाउँपालिका स्तरिय कृषि विकास समिति गठन गरिने र सोहि समितिले छनोट गरिएका अनुदानग्राहि लाइ मात्र कार्यक्रममा समावेश गराइने छ।

- छनोट प्रक्रिया लम्विने खालका साना कार्यक्रमको हकमा शाखाबाट स्वत लागत सहभागिता हुनेगरि कृषकलाइ समावेश गराउन सक्ने छ।

(५) **समिति सम्वन्धि व्यवस्था**

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको व्यक्ति | सदस्य |
| वडा अध्यक्ष वडा न. २ | सदस्य |
| कार्यपालिका सदस्य महिला | अध्यक्षले तोकेको महिला |

कार्यपालिका सदस्य (उक्त महिला सदस्य समितिको पहिलो वैठकबाट तोक्नुपर्नेछ।)

| | |
|---|---|
| कृषि शाखा प्रमुख | सदस्य |

सचिव

- समितिको वैठकमा वढिमा १ जना विषय विज्ञको रुपमा र २ जना सहजिकरणको लागी आमन्त्रण गर्न सकिनेछ।
- समितिको वैठक सम्वन्धि समय तथा निर्णय सम्वन्धि व्यवस्था समितिलेनै गर्नेछ।

- **समितिको काम कर्तव्य र अधिकर**

१ कृषि सम्वन्धि प्रशताव छनोट तथा स्विकृत गर्ने,

२ कृषि विकास सम्वन्धि आवश्यक योजना तर्जुमा र योजना निर्माण,

३ कृषि सम्वन्धि तत्काल गर्नुपर्ने निर्णय गरि कार्यान्वयनमा सहजिकरण गर्ने,

४ कार्यपालिकालाइ कृषि सम्वन्धि आवश्यक सल्लाह र सुझाव दिने ,



मदन अर्याल
प्रशासकीय अधिकृत

५ कृषि सम्वन्धि अनुदान तथा योजनाको पारदर्सिताको लागि प्रभावकारी अनुगमन तथा मुल्याङ्कन गरि कार्यपालिकामा प्रतिवेदन पेश गर्ने,

६ मागमा आधारित कार्यक्रमको प्रभावकारीता र आवश्यकता पहिचान हुने खालका कार्यक्रम गरिने।

(६) **अनुदानग्राहि छनोट :**

अनुदानग्राहि छनोट गर्दा कृषकको लागत सहभागिताको आवश्यकता र औचित्यताको आधारमा दिइनुपर्ने छ। असहाय सिमान्तकृत मेहनती र न्युन आय भएका कृषक एवं प्राप्त अनुदानबाट व्यवसायीक वन्न सक्ने खालका किसान छनोट गर्नुपर्ने छ।

यस भन्दा अगाडी कुनैपनि अनुदान नलिएको कृषकलाइ प्राथमिकता दिइने छ यदि पुन अनुदान दिन आवश्यक परेमा कार्यपालिकाको बैठकको निर्णय मार्फत गर्न सक्ने छ।

(७) **अनुदानको सिमा :**

गाउँपालिकाले सूचना जारि गर्दा सूचनामा उल्लेख गरी स्विकृत वजेटको हकमा वजेट बमोजिम र अनुदान सिमा उल्लेख नभएको हकमा समितिले निर्धारण गरि सूचना प्रकाशन छ।

- १० लाख भन्दा माथिको रकम परिचालन हुने अवस्थामा कार्यपालिकाको निर्णय बमोजिम अनुदानको सिमा निर्धारण गरिने छ।
- अनुदानको कार्यक्रम सञ्चालन गर्दा आइपर्ने अफठ्यारो परिस्थिति सिर्जना भएमा सहजिकरणको लागि समितिले कार्यपालिकाको वैठकमा पेश गर्न सक्ने छ।
- दश लाख भन्दा कम रकमको कार्यक्रम सञ्चालन गर्दा कृषकको २५ प्रतिशत लागत सहभागितालाइ अनिवार्य दायित्व गराउनुपर्नेछ।



मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

- क्रप कटिङ तथा अन्य तथ्याङ्कको हकमा भने कृषकको कुनैपनि लागत सहभागित गराइने छैन तर तथ्याङ्क संकलनको क्रम्मा लागेको लागत कृषकलाइ कृषि शाखाले लागत अनुमान गरि उपलब्ध गराउनुपर्ने छ । साथै उत्पादन संग सम्वन्धित तथ्याङ्कमा खटीने प्राविधिकले १ वालिको १ वडामा १००० पारिश्रमिक बापत उपलब्ध हुनेछ ।

- माटो सुधार सम्वन्धि कार्यक्रममा भने कृषको कुनैपनि लागत सहभागिता गराइने छैन ।

- उत्पादनको आधारमा अनुदान दिन सक्ने छ । निस्दी कोशेलिघर तथा सहकारी मार्फत विक्रवितरण गरेका कृषकहरुलाइ कार्यपालिकाको निर्णय बमोजिम प्रति के. जि. का दरले ढुवानी बापत अनुदान दिन सक्नेछ ।

(८) **कार्यक्रम सञ्चालन तथा प्राविधिक पक्ष :**

- कार्यक्रम सञ्चालन शाखा मार्फत हुने छ । तालिम सञ्चालन गर्नुपर्ने, ल्यावरेटरि सम्वन्धि कार्यक्रम सञ्चालन प्राविधिक स्टिमेट तयार गरी गर्नुपर्ने छ ।
- १ लाख भन्दा बढी रकमको वहुसंख्यक कृषक लाभान्वित हुने कार्यक्रमको हकमा सार्वजनिक सूचना प्रकाशन गरि गरिनुपर्ने छ ।
- अत्यावश्यक काम, लाभग्राहि निस्चित भएको, प्राविधिक रुपमा सम्वावित र न्यायोचित हुने खालका कामहरुमा प्राविधिकले प्रशताव मार्फत सोझै सन्चालन गर्न सकिने ।
- वालि संरक्षण , माटो सुधार र उत्पादनमा आधारित कार्यक्रम र द्रुत सेवा सन्चालन गर्नुपर्ने कामहरु शाखा मार्फत सोझै गर्न सकिने छ ।
- कुनै कारणवश कार्यसम्पादनमा संशोधन गर्नुपर्ने भएमा प्रमुख प्रशासकीय अधिकृत मार्फत गराइ कार्य सम्पन्न गर्नुपर्नेछ ।



मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

(९) **सम्झौता सम्वन्धि व्यवस्था :**

- सम्झौता गर्ने कार्य कृषि विकास शाखाको रोहवरमा हुनेछ । अनुदानको रकम सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुनेछ ।
- सम्झौता भएपछी कुनै कारणवस कार्यक्रम समापन गर्न नसकि आधा मात्र काम भएको अवस्थामा दोस्रो पक्षलाइ भुक्तानी दिन प्रथम पक्ष वाध्य हुने छैन ।
- सम्झौता वमोजिमको समयसिमा भित्र कार्य सम्पन्न भएपछी मात्र भुक्तानि दिइने छ ।
- यसमा छुट भएका सम्झौता सम्वन्धि प्रावधान प्रचलित कानुन वमोजिम हुनेछ ।

(१०) मागमा आधारित कार्यक्रम

- कुनै कृषक, कृषि समुह, कृषि सहकारी तथा कृषि फर्महरुले गाउँपालिकाको योजना भित्र पर्न नसकेको आवश्यक रहेको कृषि योजना निवेदन मार्फत माग गर्न पाउने छन ।
- यसरी माग आएको कार्यक्रमको हकमा सो स्थानको क्षत्रगत अनुगमन गरि औचित्य पुष्टि भएमा प्रतिवेदनको आधारमा गाउँपालिकाको उपलब्ध स्रोत अनुसार कृषकलाइ आवश्यक सहयोग दिन सक्नेछ ।
- विशेष खालका कार्यक्रम हरुमा समितिले निर्णय गरि आवश्यक कार्वाहि अगाडी वढाउन सक्नेछ ।

(११) **वालिअनुसार आवश्यक न्युनतम क्षेत्रफल सम्वन्धि व्यवस्था :**



मदन अर्याल
प्रशासकीय अधिकृत

- पकेट विकास कार्यक्रमको लागि स्थानिय महत्व आवश्यकता र उत्पादनको दृष्टिकोणले प्राविधिक उपयुक्तता तथा कृषि पशु विकास शाखाको सिफारिस बमोजिम सञ्चालन गरिनुपर्दछ।
- न्युनतम क्षेत्रफल
    - खाद्यान्न वालिको हकमा २ हेक्टर
    - विज वृद्धि गरिने खाद्यान्न वालिको हकमा १ हेक्टर
    - तरकारी वालिको हकमा, ५ रोपनि
    - अदुवा वालिको हकमा, १० रोपनि
    - फलफुल वालिको हकमा १० रोपनि
    - विज वृद्धि गरिने तरकारीको हकमा २ रोपनि
    - च्याउ न्युनतम २०० डल्ला वा २ वटा टनेल
    - तरकारी टनेलको हकमा कम्तिमा ३ वटा
    - अम्रिसो रोपणको हकमा कम्तिमा १० रोपनी।
    - अन्यको हकमा प्राविधिकको सिफारिस वमोजिम

(१२) **भुक्तानी सम्वन्धि व्यवस्था**

- कार्य सम्पादनको आधारमा कृषि शाखाले भुक्तानिको प्रकिया अघि बढाउनेछ
- भुक्तानी वैंक खातामा मात्र दिइने हुदा अनिवार्य चेक न उपलब्ध गराउनु पर्नेछ।
- लागत अनुसारको रकममा करकट्टि गरि बाकी रकम दोस्रो पक्षलाइ भुक्तानी दिइनेछ।



मदन अर्याल
प्रशासकीय अधिकृत

(१३) **अनुगमन तथा मुल्याङ्कन** :

यसै कार्यविधि वमोजिम गठीत समितिले अनुगमन तथा निरिक्षण गरि प्रतिवेदन तयार पार्नुपर्नेछ।

(१४) **व्याख्या तथा बाधा अड्चन फुकाउ :**

दफा ३ बमोजिम गठीत समितिले नै बाधा अड्चन फुकाउ गर्न सक्नेछ।

आज्ञाले
मदन अर्याल
प्रमुख प्रशासकिय अधिकृत



मदन अर्याल
शासकीय अधिकृत